**कम्पनीको ललितपुर वडा नं. ४ नख्खुस्थित सटरहरु भाडामा दिने सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**<u>प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०४</u>**

यस कम्पनीको स्वामित्वमा रहेको ललितपुर महानगरपालिका वडा नं.४ नख्खुस्थित गोदाम परिसरको गेटमा रहेको पहिलो तल्लामा २ वटा (३६६.४६) sqf. र भुई तल्लामा २ वटा (२६७.६८) sqf. को जम्मा ४ वटा सटर को प्रति सटर मासिक न्यूनतम भाडा रकम रु.१०,०००/-(दश हजार ) मा निम्नलिखित शर्तका अधिनमा रही बढीमा २ (दुई) बर्षको लागि भाडामा दिनुपर्ने भएकोले इच्छुक ब्यक्ति, फर्म वा कम्पनीबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. दरभाउपत्र दाताले रु.१०००/-(एक हजार मात्र) पछि फिर्ता नहुने गरि कम्पनीमा तिरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, बागमती प्रादेशिक कार्यालय, थापाथली काठमाडौंबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. सटर कुन प्रयोजनको लागि प्रयोग गर्ने हो ? सो खुलाई मासिक भाडा दर प्रति महिना के कति दरमा लिने हो ? अंक र अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ ।

३. दरभाउपत्र स्वीकृत भएपछि सटरको तोकिएको क्षेत्र वाहेकको दायाँ वाँया साईडको खालि भाग प्रयोग गर्न सर सामान राख्न, टहरा तथा अस्थायी संरचना निर्माण गर्न पाहिने छैन त्यस्तो कार्य गरेको पाईएमा संझौता रद्ध गराई सटर खालि गराईने छ।

४. दरभाउपत्रदाताले सटरभाडा वापत बार्षिक रुपमा कबोल अंकको १०% ले हुने रकम धरौटी वापत कम्पनीको कुपण्डोल स्थित नेपाल बैंक लिमिटेड च.हि.नं.१३५००१००१५७३७००००००२ मा नगद जम्मा गरेको बैंक भौचर वा 'क' बर्गको वाणिज्य बैंकले कम्पनीको नाममा जारी गरेको कम्तिमा २ वर्ष म्याद भएको बैंक ग्यारेन्टी पत्र दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५. सटर भाडामा लिने व्यक्ति, फर्म वा कम्पनीले आफूले कवोल गरेको भाडा वापतको रकम दुई पक्ष बीच सम्झौता गर्दाको वखत ३ महिनाको भाडा वरावरको रकम कम्पनीमा धरौटी स्वरुप अग्रिम जम्मा गर्नुपर्ने छ ।

६. भाडामा लिएको सटर कम्पनीको सहमति बेगर दोश्रो पक्षलाई भाडामा दिन पाइने छैन, साथै प्रचलित ऐन नियम विपरित नेपाल सरकारले निषेधित गरेको कुनै पनि वस्तुहरु बिक्री बितरण गर्न वा भण्डारण गर्न पाइने छैन ।

७. दरभाउपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, फर्म वा कम्पनी भए रजिष्ट्रड प्रमाणपत्र नविकरण भएको पान दर्ता प्रमाणपत्र र आ.व.२०८०/०८१को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु दरभाउँपत्र साथ पेश गर्नुपर्नेछ ।

८. दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०८१/१२/१७ सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ । सो दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

९. खरिद भएका दरभाउपत्रहरु सूचना प्रकाशन मितिले १६ औं दिन अर्थात मिति २०८१/१२/१८ गते दिनको १२:०० बजेसम्म शिलबन्दी दरभाउपत्रको खाम बाहिर स्पष्टसँग "सटर भाडा सम्बन्धी दरभाउपत्र,, भन्ने शब्द लेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, बागमती प्रादेशिक कार्यालय थापाथली काठमाडौंमा दर्ता गराउनु पर्नेछ। म्याद भित्र प्राप्त दरभाउपत्र सोही दिन अपरान्ह २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ, सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ । दरभाउपत्र खोल्दाको समयमा दरभाउपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

११. दरभाउपत्र सम्बन्धि थप कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।


खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड,
बागमती प्रादेशिक कार्यालय
थापाथली काठमाडौं
सम्पर्क नं. ०१-५३४६३८९